नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ४ संख्याः २ दल्ली जाजरकोट मितिः २०७७/१२/३०

भाग-४

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

सम्वत् २०७७ सालको कार्यविधि नं. २

नेपालको संविधान तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम नलगाड नगरपालिका भित्रका लैगिंक हिंसा सम्वन्धी क्रियाकलापहरु न्युनीकरण गर्न बाञ्छनीय भएकोले, नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट पारित गरी यो कार्यविधि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो कार्यविधिको नाम **"लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) **"उपशाखा"** भन्नाले महिला, बालवालिका तथा समाज कल्याण उपशाखा सम्झनु पर्छ ।

(ख) **"कोष"** भन्नाले नियम (३) बमोजिमको लैगिक हिंसा निवारणको लागि स्थापित स्थानीय राहत तथा उद्धार कोष सम्झनु पर्छ ।

(ग) **"पिडित"** भन्नाले लैगिंक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले संघीय सरकारको महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ङ) **"लैगिंक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

(च) **"समिति"** भन्नाले नियम (७) बमोजिमको स्थानीय राहत तथा उद्धार समिति सम्झनुपर्छ ।

३. **कोषको स्थापना :-** (१) लैगिंक हिंसा निवारणको लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन :-

(क) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) विदेशि व्यक्तिहरु, अन्तराष्ट्रिय संघ, संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

३. दफा (१) बमोजिमको रकम स्थानीय बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

४. कोषको खाता सञ्चालन समितिको सदस्य सचिव र नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयूक्त दस्तखतबाट संचालन गरिनेछ ।

**४. कोषको रकम जम्मा गर्ने :-** महिला हक हितको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोकिको प्रतिशत बरावरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :-** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविर्मश प्रदान गर्न,

(ङ) कुनै व्यबसाय गर्नको लागि स्वरोजगारको लागि व्यवसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,

(च) पूर्नस्थापना गराउन ,

(छ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काममा

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले लैगिंक हिंसाबाट पीडित बालवालिका तथा किशोर किशोरी वा लैगिंक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :-** (१) कोषको रकम दफा ५ को उपदफा (१) को (क) देखि (छ) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. समितिको गठन : (१) कोषको संचालन तथा व्यबस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हनेछ :-

(क) नगर उपप्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) आधारभुत स्वास्थ्य शाखाको प्रमुख — सदस्य

(घ) ईलाका प्रहरी कार्यालयको प्रतिनिधि — सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक — सदस्य

(च) समितिले तोकेको एक महिला सहित सभाका सदस्यहरु दुई जना — सदस्य

(छ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्येबाट संचालक समितिले तोकिएको संस्थाको प्रतिनिधि दुई जना — सदस्य

(ज) नगरपालिकाको शिक्षा शाखा प्रमुख — सदस्य

(झ) महिला बालवालिका तथा समाज कल्याण उपशाखा प्रमुख — सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) समितिको सचिवालय महिला वालवालिका तथा समाज कल्याण उपशाखामा रहनेछ।

८. **स्थानीय राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार :-** (क) लैंगिंक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने।

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने।

(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने।

(घ) नगरपालिका क्षेत्रभित्र घटेका लैगिंक हिंसा सम्बन्धि घटनाको अभिलेख अध्यावधिक गर्ने।

(ङ) सिपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारको लागि व्यबसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागु गर्ने।

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने।

(छ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने।

(ज) लैगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

(झ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ञ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

(ट) जिल्ला स्तरमा लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा निकायहरु बिच समन्वय गर्ने ।

(ठ) लैगिंक हिंसा हुन नदिनाको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

**९. समितिको बैठक र निर्णय :-** (१) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौविस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकमको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समिर्तिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ, र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्ष्यता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले बैठकमा आबश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको संयोजक र सदस्य सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हनेछ ।

**१०. कोषलाई रकम उपलब्ध गराउन :-** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :-** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन छसय रुपैया र बास बस्ने पर्ने सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चारसय रुपैयाको दरले बढिमा पाँचहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन चारसय रुपैयाँ, अस्पतालमा बस्ने व्यबस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन चारसय रुपैया र उपचार खर्च समेत गरी बढीमा आठ हजार रुपैयाँ,

(ग) कानुनी सहायता मनोबैज्ञानिक उपचार वा मनोविमर्शको लागि बढीमा सात हजार रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यबसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरि बढिमा बीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरि मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि नेपाल बाहिर रहेको, बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :-** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई अनुसूचि-१ मा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुज गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा (११) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :-** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग रकम नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा समितिको संयोजकले सो परियोजनाको लागि कोषबाट दश हजार रुपैयाँमा नबढ्ने गरि मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अबस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. कोषको लेखा र लेखापरीक्षण :-** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखापरिक्षण महालेखापरीक्षकबाट हुनेछ ।

**१५. प्रतिवेदन पेश गर्ने :-** (१) समितिले प्रत्येक त्रैमासिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरीमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१६. बैठक भत्ता :-** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन ।

**१७. निर्देशन दिनसक्ने :-** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आबश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१८. वाधा, अड्काउ फुकाउने :-** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**१९. खारेजी र बचाउँ :-** यस कार्यविधि बमोजिम भए गरेका कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन ।

# अनुसुची

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

श्री संयोजक ज्यू                                                                 मिति :-

स्थानीय उद्धार तथा राहत समिति

नलगाड नगरपालिका जाजरकोट ।

म............................ मा बस्ने वर्ष .......को...................मिति ..................मा लैगिंक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्थर ज्यादै कमजोर रहेको छ, म उपर लैगिंक हिंसा (......................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अबस्था कमजोर भई अशक्त अबस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एंवम परामर्श/उद्धार/ मानेविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य...............कामको लागि सहयोगको आबश्यकता परेको हुँदा स्थानीय लैगिंक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

| आवश्यक कागजातहरु | निवेदकको |
|---|---|
| १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | नामथरः |
| २. सम्वन्धित वडा कार्यालयमो सिफारिस | ठेगाना :- |
| ३. करचुक्ता प्रमाणपत्रको कागजातहरु | दस्तखत :- |
| ४. अन्य आवश्यकता बमोजिमका कागजातहरु | मिति : |

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत